आ.व. २०८३/०८४ को तेस्रो बैठक

आज मिति २०८३।०४।१५ गते शुक्रबारको दिन साझ ५:०० बजे यस परवानीपुर गाउँपालिकाका अध्यक्ष श्री रामक्षत्री प्रसाद कुर्मीज्यूको अध्यक्षतामा यस परवानीपुर गाउँकार्यापालिकाको तपसिल बमोजिमको उपस्थितिमा बैठक बसी निम्नानुसारको निर्णय गरियो ।

## उपस्थिती

| क्र.स. | नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री रामक्षत्री प्रसाद कुर्मी | अध्यक्ष | |
| २ | श्री सुगान्धी देवी कनुइन | उपाध्यक्ष | |
| ३ | श्री चोकट महतो धानुक | सदस्य | |
| ४ | श्री महमदनुरुल होदा अंसारी | सदस्य | |
| ५ | श्री इब्राहिम मियाँ धोबी | सदस्य | |
| ६ | श्री गम्भिरा राउत कुर्मि | सदस्य | |
| ७ | श्री रामेश्वर साह कलवार | सदस्य | |
| ८ | श्री इन्द्रकलिया देवी चमैन | सदस्य | |
| ९ | श्री चिन्ता देवी पासवान | सदस्य | |
| १० | श्री लक्ष्मीना देवी नुनिया | सदस्य | |
| ११ | श्री कोहरी देवी भरिन | सदस्य | |
| १२ | श्री जगदिश राम | सदस्य | |
| १३ | श्री महन्थ राम हरजन | सदस्य | |
| १४ | श्री मुन्ना साह रौनियार | सदस्य - सचिव | |
| १५ | श्री घनश्यमा चौधरी | ईन्जिनियर | |
| १६ | श्री रवि जैशवाल | IT Officer | |
| १७ | श्री आयुष कुमार साह | लेखा शाखा प्रमुख | |
| १८ | श्री कृष्णा प्रसाद यादव | राज्शव शाखा प्रमुख | |
| १९ | श्री अजय कुशवाहा | जिन्सी शाखा प्रमुख | |
| २० | श्री लक्ष्मी बडाल | प्रशासन शाखा प्रमुख | |
| २१ | श्री रुपेश मण्डल | योजना शाखा प्रमुख | |
| २२ | श्री बच्चा प्रसाद यादव | कार्यालय सहयोगी | |
| २३ | श्री अशोक राम | कार्यालय सहयोगी | |
| | | | |
| | | | |

CamScanner

# प्रस्ताव तथा निर्णयहरु

तपसिल बमोजिमको प्रस्तावहरु माथी व्यापक छलफल गरि निर्णय गरियो ।

| क्र.स. | बिषय | तपसिल बमोजिमको प्रस्तावहरु माथी व्यापक छलफल गर्दा |
|---|---|---|
| | | **कार्यपालिका बैठकका निर्णयको समिक्षा सम्बन्धमा ।** |
| १ | समिक्षा | ➢ मिति २०८३/०३/१२ गतेको कार्यपालिकको बैठक बाट भएको निर्णयहरु कार्यवन्यन अवस्थामा रहेकाले सम्बन्धित सबैलाई धन्यवाद दिने । |
| | | **बजार तथा कबाडी कर र अन्य ठेक्का सम्बन्धमा ।** |
| २ | राज्शव शाखा | ➢ आ.ब. २०८३/०८४ मा यस परवानीपुर गाउँपालिकाको क्षेत्र अधिकार भित्र पर्ने गुदरि बजारको ठेक्काको रकम १ बर्षको लागी राजश्व परामर्श समितिको निर्णय तथा कार्यपालिकाको निर्णय बमोजिम अहवान गरिएको भएतापनि गुदरि बजारको सेड निर्माण कार्य भइरहेकोले ठेक्का लगाउन ढिला हुन गएकोले मिति २०८३/०४/०१ गतेदेखि ठेक्का लागु हुनु पर्नेमा मिति २०८३/०४/१५ गते देखि मात्र ठेक्काको चलन पुर्जि दिएको तथा सम्झौता भएकोले ठेक्का सकार गर्ने ठेक्का कम्पनीको निबेदन तथा पालिको निर्णय बमोजिम १४ दिन बराबरको रकम मिनहा गर्ने । साथै उक्त कमपनीले ठेक्काको सर्त बमोजिम पहिलो किस्ताको रकम ४० प्रतिशत दाखिला गरि बाकि रकमको बैंक गरान्टी बनाउन असमर्थ रहेकोले दाखिला गरेको रकम लगभग ५ महिनाको रकम हुन आएकोले निजलाई ३ महिनाको लागी चलन पुर्जी दिई बाकिं रकम ३ महिनामा दाखिला गराई बाकिंको चलन पुर्जी दिईने ।<br><br>➢ आ.ब. २०८३/०८४ मा यस परवानीपुर गाउँपालिकाको क्षेत्र अधिकार भित्र पर्ने जडीबुटि कबाडी तथा जिवजन्तुमा लाग्ने करको ठेक्काको रकम १ बर्षको लागी राजश्व परामर्श समितिको निर्णय तथा कार्यपालिकाको निर्णय बमोजिम अहवान गरिएको भएतापनि प्राविधिक कारण बस ठेक्का प्रक्रियामा ढिलाई हुन पुगेकोले मिति २०८३/०४/०१ गते देखि ठेक्का लागु हुनु पर्नेमा मिति २०८३/०४/१५ गतेदेखि मात्र ठेक्काको प्रक्रिया पुरा भइ मिति २०८३/०४/१५ गते अस्थायी चलन पुर्जि दिइएकोले ठेक्का सकार गर्ने ठेक्का कम्पनीको निबेदन तथा पालिको निर्णय बमोजिम १४ दिनको रकम मिनहा गर्ने तथा ठेक्काको सम्झौता तथा सर्त अनुसार एकमुष्टमा रकम दाखिला गर्दा मिनहा रकम र मु.अ.क. रकम बाहेकको रककमा १० प्रतिशत छुट दिनु पर्ने व्यवस्था बमोजिम एकमुष्टमा १० प्रतिशत छुट समेत दिने । |
| | | **योजना संचालन सम्बन्धमा ।** |
| | | ➢ आ.ब. २०८३/०८४ को बार्षिक योजना तथा कार्यक्रम मध्ये तपसिलका योजनाहरु उपभोक्ता समिति मार्फत गर्ने तथा सोको लागी सम्बन्धित वडा |

CamScanner

| | | |
|---|---|---|
| | | मा जानकारी गराउने । |
| ३ | योजना तथा कार्यक्रम | • वडा नं १ एकबाल मियाँको जग्गा देखि मेन बाटोको ढलान सम्म बाटो ढलान<br>• वडा नं ३ रामपुरटोकनी जानेबाटोमा नाला निर्माण<br>• वडा नं ५ सदिक देवानको घर देखि सातोमाई मन्दिर सम्म बाटो ढलान तथा नाला निर्माण<br>• वडा नं २ मुसहरी मेनरोडमा नाला निर्माण<br>• वडा नं ३ राधाकृष्णा मन्दिर निर्माण<br>• वडा नं ३ मा नाला तथा सडक निर्माण<br>• वडा नं ३ धोविकटवामा नयाँ नाला निर्माण<br>• वडा नं ४ छत्र महतोको घर देखि लगन राउत कुर्मीको घरसम्म नाला र रोड ढलान<br>• वडा नं ४ लालबिहारीको घर देखि जोखन महराको घरसम्म रोड ढलान<br>• वडा नं ४ मन्दिरको दक्षिण पट्टी चारकोठे करकटको घर निर्माण<br>• वडा नं ४ डाबरामा नाला निर्माण<br>• वडा नं ५ अशोक पटेलको घर देखि शिवशंकर पटेलको घर सम्म नाला र बाटो ढलान<br>• वडा नं ३ ब्रहमबाबा धर्मशाला निर्माण |